**Nepalese Forum for Human Rights & People's Democracy (NEHURIPD), Australia**

**17/18-20 Park Ave**
**Burwood, NSW, Australia, Ph: + 61297448438  Fax: +61295990613**

# प्रेस बिज्ञप्ती

नेपाली जनताले गरेको २०४६ को जन आन्दोलनका सिमित उपलब्धिहरुलाई पनि श्री ५ ज्ञानेन्द्रबाट २०६० माघ १९ मा गरिएको असंबैधानिक "कू" द्वारा कुल्चने काम भएको छ , जस प्रति हामी अष्ट्रेलियाबासी नेपालीहरुका साथै  हाम्रो संगठन **Nepalese Forum for Human Rights and People's Democracy, Australia** स्तब्ध भएका छौं । एक्काइसौं शताब्दी साशकको होईन जनताको हो, सामन्तवादको होईन लोकतन्त्र र प्रजातन्त्रको हो भन्ने साश्वत मान्यतालाई कुल्चिएर गरिने हरेक कार्य आम नेपालीका निम्ति असह्य र खेद जन्य छन् ।

जनताको सर्बोच्चतालाई नकार्दै अधिनायकबादी साशनको सपना देखेर २०४६ पश्चात राजनितिक पार्टीहरुका सिमीत गल्तीहरुको जगमा उभिई  प्रजातन्त्रीक अधिकारहरुलाई हनन् गर्ने, मानव अधिकारलाई कुण्ठित गर्ने, राजनितिक दलहरुलाई दमन गर्ने जस्ता हदै तल्लो स्तरको कामहरु बर्तमान सरकारबाट भएका छन् जसका कारण द्वन्दको समस्याबाट पिडीत नेपाल उग्र बाम र उग्र दक्षिण पंथी समस्याको चपेटामा पर्ने संभावना देखिदै छ । अत: यस समस्याबाट देशलाई बचाउन मानव अधिकारको ग्यारेण्टी हुने लोकतान्त्रिक राजनैतिक ब्यवस्थाको स्थापनाका लागि सबै राजनितिक पार्टीहरु लागि पर्नु अपरिहार्य छ । यस परिस्थितिलाई मध्यनजर राख्दै हाम्रो संगठन मातृभूमि  नेपालमा  लोकतन्त्र स्थापनार्थ भैरहेको आन्दोलन प्रति एक्यबद्धता जाहेर गर्दछ ।

जनताको सर्बोच्चता भएको  प्रजातन्त्रमा मात्र मानव अधिकारको ग्यारेण्टी हुन सक्छ, समुन्नत समाजको परिकल्पना साकार हुन सक्दछ । त्यसैले ने. क. पा. माओबादीलाई नेपाली राजनितीको मूल धारमा प्रबेश गर्न आह्वान गर्दै नेपालमा लोकतन्त्र स्थापनाको निम्ति हाल भैरहेको आन्दोलनमा सहयोग, समर्थन र सक्रिय सहभागिताको निम्ति स्वदेश वा विदेशमा रहने नेपालीसंग हार्दिक अपिल गर्दछौं र आम नेपालीहरु सरह हाम्रो पनि चालू जन आन्दोलनमा प्रतिबद्धता जाहेर गर्दछौं ।

रमेश पाण्डे
संयोजक
Nepalese Forum for Human Rights and People's Democracy, Australia
Date: 2-10-2005